कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

शिक्षा तथा खेलकुद शाखा

Google Plus Code 5MXQ+5CJ Kohalpur

पत्र सं.: २०७९/०८०

चलानी नं.:

पत्र संख्या : ०७९/०८०

मिति : २०८०/०१/१९

चलानी नं ३६४

विषयः तालिमका लागि दरखास्त पेश गर्ने सम्बन्धमा।

श्री तालिममा सहभागी हुन इच्छुक योग्य युवाहरू।

प्रस्तुत विषयमा नेपाल सरकार तथा स्विजरल्याण्ड सरकारको सम्झौतामा भएको दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तरगत आ. व. २०७९/०८० मा यस कोहलपुर नगरपालिकाले निम्नअनुसारको विषयमा कार्यगत अभ्यास सहितको (Training with OJT) १० महिने (१६९६ घन्टे) CTEVT अन्तरगतको तह २ को तालिम संचालन गर्नु पर्ने भएको हुँदा तालिम लिन इच्छुक तपसिलको योग्यता तथा प्रावधान पुगेका उम्मेदवारहरूले यही **मिति २०८०/०२/०२** गतेसम्म कार्यालय समयमा यस शाखामा आवश्यक कागजातसहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना सार्वजनिक गरिएको छ।

**संचालन गरिने तालिमहरू :**

१. Professiional Computer Hardware and Network Technician (आवश्यक संख्या १० जना)

२. Professional Cook (आवश्यक संख्या २० जना)

३. Professional LED/LCD TV Repair Technician (आवश्यक संख्या २० जना)

तपसिल : आवश्यक कागजात तथा प्रमाणहरू :

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि तथा सम्बन्धित वडाको बासिन्दा भएको वडाको सिफारिस हुनु पर्ने। अन्य जिल्लाको नागरिकता हुने बासिन्दाको हकमा बसाइसराइको कागजात हुनु पर्ने।
- सहभागी १८ वर्ष पुरा गरी ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनु पर्ने।
- कम्तिमा माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने।
- प्रत्येक वडाबाट १ जना सहभागी तथा १ जना वैकल्पिक सहभागी गरी जम्मा २ जना सिफारिस हुनु पर्ने र कुनै कारणवश सहभागीले तालिम छोड्नु परेमा वैकल्पिकलाई प्रतिस्थापन गरिने।
- नियमित अध्ययन गरिरहेका विद्यार्थीहरूलाई भन्दा बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखिनेछ।
- महिला, दलित, गरिब, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत तथा बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखिनेछ।
- यस अघि वडा तथा नगरपालिकाबाट पेश गरिएका दरखास्त यथावत रहने हुँदा पुन पेश गर्नु पर्ने छैन।
- तालिम सम्बन्धी थप जानकारीको लागि ९८४१८३६२१९ मा सम्पर्क राख्न सकिनेछ।

०८०।१।१५

....................

रामबहादुर हमाल

शाखा प्रमुख / उपसचिव

रामबहादुर हमाल
उप सचिव

बोधार्थ : श्री सूचना प्रविधि उपशाखा कोहलपुर नगरपालिका (वेवसाइटमा सूचना राखिदिनु हुन)।